सर्वोच्चलाई अटेर गर्दा उपत्यकामा डुबान

मानुका दाहाल
काठमाडौं, असार २९

भूमाफियाले हडपेको जग्गा फिर्ता सम्बन्धि सर्वोच्च अदालतको आदेश र छानबिन समितिको प्रतिवेदन कार्यान्वयन नहुँदा राजधानीका नदी आसपास बर्सैंमा बाढी र डुबानको सास्ती व्यहोर्नु परेको छ। उपत्यकास्थित बागमती, विष्णुमती, इच्छुमती (टुकुचा), धोबीखोला, मनोहरा, गोदावरीलगायत नदी तथा खोलाको प्राकृतिक बहाव नै छेकेर भूमाफियाले जमिन अतिक्रमण गर्दा वर्षायाममा नदी तथा खोला मानव बस्ती पसेर जनधनको क्षति हुने गरेको छ। उपत्यकाका अधिकांश नदी तथा खोला अतिक्रमणकी योजनाअनुसार कंक्रिटोमा बाटो बनाएर नदीलाई सीमित दायरामा कैद गरिएको छ। खोलाको प्राकृतिक बहाव छेकेर भूमाफियाको सेटिङमा नदीको धार सीधुरो बनाइएको छ।

शुक्रबार र शनिबार अबिरधधपल वर्षापछि आएको बाढी र डुबानका कारण उपत्यकामा माग्रै ९ जनाको ज्यान गइसकेको छ। ललितपुरमा ६ र काठमाडौंमा ३ जनाको मृत्यु हुँदाका साथै बाढी र डुबानले भौतिक सम्पत्तिको क्षति भएको गृह मन्त्रालयले जनाएको छ। त्यसको मुख्य कारण नदी अतिक्रमण रहेको सरकारी अधिकारी नै स्वीकार्छन्।

काठमाडौंको चक्रपथभित्र मात्रै २०४७ देखि २०५२ को अवधिमा भूमाफियाले करिब १ हजार ८ सय ६० रोपनी सरकारी तथा सार्वजनिक जमिन हडपेर निजी बनाएका थिए। त्यसमध्ये ८ सय रोपनीभन्दा बढी जमिन नदी तथा खोला किनारको

शुक्रबारको अबिरल वर्षापछिको बल्खु खोला। *फाइल तस्बिर/नागरिक*

रहेको भूमिसुधार मन्त्रालयको अभिलेखमा उल्लेख छ। उपत्यकास्थित ३ जिल्लामा माग्रै करिब १० हजार रोपनी सरकारी तथा सार्वजनिक जग्गा भूमाफियाले अतिक्रमण गरेको सरकारी अधिकारीहरूको दाबी छ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि भूमाफियाले राजधानीका नदीकिनारा हडप मिसन चलाएका थिए। २०५२ सालमा पूर्वन्यायाधीश रामबहादुर रावलको अध्यक्षतामा 'सरकारी तथा सार्वजनिक जग्गा छानबिन तथा संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग' गठन गरिएको थियो। उक्त आयोगको प्रतिवेदनअनुसार काठमाडौंको चक्रपथभित्रको जग्गाजमिनमा माग्रै छानबिन गरेकोमा १ हजार ८ सय ५९ रोपनी १४ आना तीन पैसा तीन दाम जग्गा माफियाले कब्जा गरिसकेको उल्लेख छ। सबैभन्दा बढी जग्गा अतिक्रमण नदी निकाराकै भएको प्रतिवेदनले औंल्याएको छ। नदी किनार तथा आसपासमा माग्रै करिब १ हजार रोपनी जग्गा अतिक्रमण गरिएको प्रतिवेदनमा उल्लेख छ।

२४ वर्षअघिको उक्त प्रतिवेदन कार्यान्वयन गर्न सर्वोच्च अदालतले पनि आदेश दिएको थियो। तर सरकारले त्यसलाई बेवास्ता गर्दा वर्षायाममा नदी तथा खोला हडपेर बनाइएका बस्तीमा प्रदेश गर्दा जनधनको क्षति हुने गरेको छ। रावल प्रतिवेदनलाई नै आधार मानेर सर्वोच्च अदालतले समेत हडपिएको सार्वजनिक जग्गा फिर्ता ल्याएर कब्जामा राख्न र भूमाफियालाई कार्रवाही गर्न सकाकका नाममा परमादेश दिएको थियो। तर उक्त परमादेशअनुसार अझै काम भएको छैन। सरकारी जग्गा गैरकानुनी रूपमा हडपिएको भन्दै २०६० सालमा जनहित संरक्षण मञ्च र अधिवक्ता प्रकाशमणि आचार्यका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो। रिट दायरको सात वर्षपछि सर्वोच्च अदालतका न्यायाधीशद्वय तपबहादुर मगर र मोहनप्रकाश सिटौलाको संयुक्त इजलासले २०६७ कात्तिक जेठ १२ गते मुद्दाको फैसला गर्दै भूमाफिया र स्थानीयबाट हडपिएको सार्वजनिक जग्गा फिर्ता ल्याउन सकारका नामम परमादेश दिएको थियो। फैसलामा २०२१ सालको नापीअनुसार कायम गरिएको सार्वजनिक तथा सरकारी जग्गाको उचित संरक्षण गर्न पनि भनिएको थियो।

सर्वोच्चको परमादेशपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सचिवको संयोजकत्वमा भूमिसुधार मन्त्रालयका सचिव र सहन्यायाधिवक्ता रहेको तीन सदस्यीय विशेषज्ञ समिति गठन गरेर तीन महिनाभित्र प्रतिवेदन पेस गर्न निर्देशन दिएको थियो। उक्त प्रतिवेदन अहिलेसम्म सकारले सार्वजनिक गरेको छैन। 'रामबहादुर रावल आयोग र त्यसपछि सरकारबाट गठित विशेषज्ञ समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्न र देशका अन्य स्थानमा भएको सरकारी तथा सार्वजनिक जग्गाको अतिक्रमणका विषयमा समेत उच्च प्राथमिकताबाध छानबिन तथा कार्यान्वयन गर्नु-गराउनु' २०६७ जेठ १२ मा सर्वोच्चले सकारका नाममा दिएको निर्देशनात्मक परमादेशमा भनिएको छ। तर परमादेशअनुसार अझै सकारले हडपिएको जग्गा फिर्ता ल्याएको छैन।

डोल्पामा बाढीको बितण्डा

११ बेपत्ता, दुईको शव फेला

बिष्णुप्रसाद देवकोटा
डोल्पा, असार २९

शनिबार दिउँसो मुइकेचुला गाउँपालिकाको वडा नम्बर १ मा पर्ने कौंसिला खोलामा आएको बाढीले बगाएर बेपत्ता भएकामध्ये आइतबार दुईजनाको शव फेला परेको छ। बाँकी बेपत्ता ११ जनाको खोजी कार्य जारी छ। बेपत्ताको खोजीका क्रममा आइतबार मुइकेचुला ? कौंसिलागाउँकी ४० वर्षीया फूलकुमारी साकीको शव कौंसिलाखोलादेखि ३०० मिटर तल घट्टेखोला नरिमा फेला परेको हो। सोही ठाउँका ३८ वर्षीय धर्मराज बोहराको शव भने स्थानीय र नेपाल प्रहरीले शनिबार नै घटनास्थलनजिकै खोला किनारमा फेला पारेका थिए। सदरमुकाम दुनैबाट प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीको नेतृत्वमा प्रहरी नायब उपरीक्षक बिष्टसहित नेपाल प्रहरी नेपाली सेना र सशस्त्र प्रहरी गरी ५५ जनाको टोली उद्धारमा घटनास्थल पुगेको थियो।

शनिबार रातभर र आइतबार दिनभर खोजी गरिए पनि एक महिलाबाहेक अन्य ११ जना बेपत्ताको अझै पत्ता नलागेकाले खोजी कार्य जारी रहेको प्रहरी प्रमुख मुकेशकुमार केशरीले बताए। बाढीमा परी बेपत्ता हुनेमा वडा नम्बर १ का १२ वर्षीय घनरूप बोहरा, १२ वर्षीया सारिका बोहरा, १२ वर्षीया वृहस्पति बोहरा, ६ वर्षीया यमुना बोहरा, १३ वर्षीया सुना साकीँ, २२ वर्षीय पञ्चराम साकीँ, ५५ वर्षीय कालीबहादुर बोहरा, २३ वर्षीय लवकुमार रोकाय, ७ वर्षीय निर्मल बोहरा, १३ वर्षीया सुना साकीँ र रंगी बोहरा छन्। उनीहरूको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक बिष्टले जानकारी दिए। कालीबहादुर बोहरा सिंचाइ योजनाको ३५ लाख रुपैयाँ लिएर गाउँतर्फ जानेक्रममा बाढीमा परेर शनिबार बेपत्ता भएको बताइएको छ। घटनास्थल सदरमुकाम दुनैबाट दुई दिनको पैदल दूरीमा पर्छ।

शनिबार आएको बाढीले कौंसिलाखोलानजिक रहेका जंगबहादुर बोहरा, रत्नी बोहरा र धर्मराज बोहराको घर र ४ ओटा घट्ट, फतमे पुल १ काठेपुल १ र कौंसिला जलविद्युत् आयोजनको पावरहाउससमेत बगाएको छ। प्रमुख जिल्ला अधिकारी केशरी र प्रहरी नायब उपरीक्षक बिष्टको नेतृत्वमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीसहितको ५५ जनाको उद्धार टोली शनिबार राति नै खबर प्राप्त हुनासाथ ४ बजे घटनास्थलमा पुगेको थियो। बेपत्ता बनाएडेखि उद्दारको लागि कर्णाली प्रदेश सरकार र डोल्पाबाट निर्वाचित प्रदेश सासंदलाई स्थानीयले गुहार मागे पनि घटनास्थलमा प्रदेश सरकाका तर्फबाट कोही पनि पुग सकेको छैन। प्रदेश सांसद वीरबाहादुर शाही र बदमी बोहरा(बुढा)ले हेलिकोप्टरसहित आफूहरू आउन लागेको र आवश्यक राहत र शव पोष्टमार्टमका लागि संघीय सरकार र प्रदेश सरकारलाई पहल गरे पनि सुनुवाइ नभएको बताए। प्रदेश सरकार र संघीय सरकारबाट सहयोगको आशा गरेकोमा यति दुलो घटनामा समेत उपस्थिति नहुनुले आफूहरूलाई उपेक्षा गरेको हो कि भन्ने लागेको भानुभक्त बोहराले बताए।

VACANCY ANNOUNCEMENT

Birat Medical College & Teaching Hospital, an extended program of Kathmandu University, invites application from qualified candidates in the School of Nursing.

Masters in Nutrition and Dietetics 1

Interested candidates can send their handwritten application with updated CV and all academic certificates to *info@biratmedical college.com* by 21 June, 2019.
Academic position will be as per the rule of Kathmandu University.

BIRAT MEDICAL COLLEGE & TEACHING HOSPITAL
Budhiganga-2, Tankisinuwari, Morang
Phone No. 9801005922, 9802711931

राहत तथा उद्धारमा जुट्न राष्ट्रपतिको आह्वान

काठमाडौं, असार २९ (नागरिक)- राष्ट्रपति विद्यादेवी भण्डारीले बाढीपरिरो तथा डुबान पीडितको उद्धार तथा राहतमा सबैजना जुटन आग्रह गरेको छन्। राष्ट्रपतिले आइतबार एक विज्ञप्ति जारी गर्दै सो आह्वान गरेकी हुन्। अबिरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी, पहिरो र डुबानबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै उनले घाइतेको उपचार, बेपत्ताको खोजी तथा पीडितलाई राहत दिने कार्यमा जुटन आह्वान गरेकी हुन्।

'पीडितको उद्दार तथा व्यवस्थापन, घाइतेहरूको उपचार, राहत वितरण र बेपत्ता भएकाको खोजीमा राज्यका संयन्त्रहरू परिचालन गराउन सम्बीधत निकायले ध्यान दिनेछ भन्ने विश्वास छ,' जारी गरेको विज्ञप्तिमा भनिएको छ।

कांग्रेसको नियमावली पारित

भुवन शर्मा
काठमाडौं, असार २९

एक हप्ताअघि केन्द्रीय समितको बैठकमा प्रस्तुत गरिएको नेपाली कांग्रेसको नियमावली २०७६ पारित भएको छ। असार २२ गते बसेको केन्द्रीय समिति बैठकमा नियमावली संशोधन मस्यौदा समितिका संयोजक रमेश लेखकले मस्यौदा प्रस्तुत गरेका थिए। प्रस्तुत मस्यौदाबारे शुक्रबार छलफल भएको थियो। शुक्रबारको बैठकमा भएका छलफल भएको थियो। शुक्रबारको बैठकमा बोल्ने क्रम नसिद्धिएकाले आइतबार पुनः बैठक बोलाइएको थियो।

आइतबार रातिसम्म बसेको बैठकले नियमावली पारित गर्नि निर्णय गरेको हो। बैठकमा केन्द्रीय सदस्यहरूबाट उठेका सुझाव नियमावली मस्यौदा संशोधन समितिले समेट्ने गरी पारित गरिएको केन्द्रीय सदस्य उमाकान्त चौधरीले बताए।

'आजको बैठकमा केन्द्रीय सदस्यहरूले राखेको सुझावलाई नियमावली मस्यौदा संशोधन समितिले समेट्ने गरी नियामावली पारित गरिएको छ,' उनले भने, 'केन्द्रीय सदस्यबाट आएका सबै सुझावालाई मस्यौदा समितिले समेट्नेछ।' स्रोतका अनुसार नियमावली पारित गर्नं र सदस्यबाट आएका सुझाव समेट्ने प्रक्रियाबारे बैठकमा विवाद बढेको थियो। नियमावली मस्यौदा समितिमा जीवन परियार, ईश्वरी न्यौपाने, प्रदीप पौडेल र मीन विश्वकर्मा सदस्य छन्।

बैठकमा रामचन्द्र पौडेल तथा कृष्ण सिटौला पक्षधर केन्द्रीय सदस्यहरूले पार्टीमा सदस्यता, नविकरणा शुल्क तथा लेवी घटाउन माग गरेका थिए। केन्द्रीय सदस्य चौधरीका अनुसार सदस्यता तथा नवीकरण शुल्क तथा लेवी घटाउन बैठकमा सहमति गरिएको छ। यसबारेमा मस्यौदा समितिले निर्णय गर्न पनि उनले जनाए। बैठकपछि आइतबार राति कांग्रेसले जारी गरेको प्रेस विज्ञप्तिमा केन्द्रीय कार्य समितिको बैठकमा असार २२ गते प्रस्तुत पार्टीको संशोधित नियामावलीको मस्यौदामाथि आवश्यक सल्लाह गरी प्राप्त सुझावलाई मस्यौदा समितिले सहमतिमा परिमार्जन गर्ने गरी बैठकले सर्वसम्मतिले पारित गरेको बताइएको छ।

बैठकमा रामचन्द्र पौडेल, सहमहामन्त्री डा. प्रकाशशरण महत, कृष्णप्रसाद सिटौला, अर्जुननरसिंह केसी, बलबहादुर केसी, महेश आचार्य, बालकृष्ण खाँण, रमेश रिजाल, डा. नारायण खड्का, डा. मिनेन्द्र रिजाल, सुजाता कोइराला, उमाकान्त चौधरी, पुष्पा भुसाल, सुरेन्द्रराज पाण्डे, बद्री पाण्डे, जीवन परियार, ईश्वरी न्यौपाने, सीता गुरुङ, श्यामकुमार घिमिरे, गुरुराज घिमिरे, रामकृष्ण यादव, मोहनबहादुर बस्नेत, वीरबहादुर बलायर, रमेश लेखक, बहादुरसिंह (लामा) तामाङ, शिवप्रसाद हुमागाँइलगायतका केन्द्रीय सदस्यले बोलेका थिए। बैठकमा केन्द्रीय सदस्य सिटौलाले विपिले बनाएको पार्टीमा बहस र छलफल गर्न पाउनुपर्छ भन्दै संस्थापन पक्षको आलोचना गरेका थिए।

बैठकले मुलुकको विभिन्न भागमा केही दिनयता अबिरल वर्षा र पहिरोका कारण भएको जनधनको क्षतिलाई दुष्टिगत गरी जारी बैठक केही दिनका लागि स्थगित गरेर उद्धार र राहतमा समर्पित हुने निर्णय गरेको पार्टीका अर्का केन्द्रीय सदस्य श्याम घिमिरेले जानकारी दिए। कांग्रेसको अर्को बैठक साउन ७ गते बस्ने भएको छ।

'अचल सम्पत्तिमाथि करार अमान्य'

काठमाडौं, असार २९ (नागरिक)- करारबाट अचल सम्पत्ति हस्तान्तरण गर्ने सबैले व्याख्या सर्वोच्च अदालतको वृहत् पूर्ण इजलासले आइतबार सुनाएको छ। करारबाट अचल सम्पत्ति हस्तान्तरण हुन सल्ढ कि सल्दैन भन्ने लामो समयदेखिको विवाद आइतबारको फैसलासँगै टुंगिएको छ। मुलुकी देवानी संहिता २०७४ द्वारा खारेज भएको करार ऐन २०५६ को व्यवस्थाका विषयमा सो व्याख्या गरिएको भए पनि बृहत् पूर्ण इजलासको व्याख्या नयाँ कानुनका सम्बन्धमा पनि लागू हुने देखिएको छ।

प्रधान-न्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र तेजबहादुर केसीको बृहत् पूर्ण इजलासले गरेको व्याख्या करार कानुनका विषयमा नयाँ नजिर बनेको छ। कुनै दुई वा सोभन्दा बढी व्यक्तिबीच कुनै काम गर्न वा नगर्न भएका लिखित, मौखिक वा आचरणद्वारा गरिएका सम्झौतालाई करार मानिने कानुनी व्यवस्था छ।

मुलुकी देवानी संहिताको दफा ५४५ मा खारेज भएको करार कानुनको व्यवस्था यथावत राखिएको छ। सो व्यवस्थामा भनिएको छ, 'कुनै बिक्रेताले मूल्य लिई कुनै वस्तु क्रेतालाई तत्काल हस्तान्तरण गर्न वा भविष्यमा हस्तान्तरण गर्न मञ्जुर गरेकोमा वस्तु बिक्रीसम्बन्धी करार भएको मानिनेछ।'

स्पष्टीकरण खण्डमा 'वस्तु' भनाले तत्काल प्रचलनमा रहेका मुद्रा, धितोपत्र वा उजुरी कार्यान्वयन गर्न सकिने दावी (एक्सनेबल क्लेम) बाहेकका खरिद बिक्री हुन सक्ने कुनै पनि चल सम्पत्ति सम्झनु पर्छ भन्ने व्यवस्थामा छ। वस्तु बिक्रीसम्बन्धी करार सर्तबिना वा सर्तसहितको हुनसकेने र बिक्रेताको स्वामित्व वा भोगचलनमा तत्काल कायम रहेका वस्तु वा निजले भविष्यमा उत्पादन गर्ने वा प्राप्त गर्ने वस्तु बिक्री गर्नेगरी करार गर्न सकिनेछ भन्ने थप व्यवस्था पहिल्यैदेखि भए पनि करारवाटसमेत अचल सम्पत्तिको कारोबार हुँदै आएकोमा अनेकौं मुद्दा जिल्ला, उच्च अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगेका थिए भने अनेक व्याख्याले करारका सम्बन्धमा द्विविधा थियो। इजलास अधिकृत उद्धवप्रसाद गाइलेकका अनुसार, 'फैसलाको पूर्ण पाठ तयार भइसकेको छैन। कराका विषयमा लामो समयदेखि सर्वोच्चमा पुगेका करिब २० वटा मुद्दा पूर्ण इजलासमा बहस भई आइतबार फैसलाका लागि तोकिएको थियो।

कतिपय मुद्दामा करारबाट अचल सम्पत्ति बिक्री गर्न बाध्य नहुने र कतिपय विषयमा करारानामाबमोजिम गरिपाऊँ भन्ने दावी एवं करारबाट हस्तान्तरण भएको कम थिंदा पाऊँ भनी अदालत पुगेका थिए। खारेज भएको करार ऐन २०५६ को दफा ६० मा मूल्य लिई कुनै व्यक्तिले अर्को व्यक्तिलाई तत्काल हक हस्तान्तरण गर्न गरेको सम्झौतालाई करार मानेको थियो। सो दफामा वस्तु भनाले तत्काल प्रचलनमा रहेको मुद्रा, धितोपत्र वा उजुरी गरी कार्यान्वयन गर्न सकिने दावी (एक्सनेबल क्लेम) बाहेक खरिद बिक्री हुन सक्ने कुनै पनि चल सम्पत्ति सम्झनु पर्ने उल्लेख थियो।

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा
३ नं. प्रदेश, नेपाल

कन्स्ट्रक्सन अफ भार्ले-तिनेखु गौरीशंकर गाउँपालिका केन्द्र रोड सम्बन्धी बोलपत्र आव्हानको सूचना

पहिलो पटक प्रकाशित मितिः २०७६/०३/३०

यस गौरीशंकर गाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम आ.व.०७५/७६ मा **कन्स्ट्रक्सन अफ भार्ले (तिनेखु गौरीशंकर गाउँपालिका केन्द्र रोड** गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र नबिकरण गरेको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) लिएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व. ०७४/७५ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रु. ३०००/- (तीन हजार) पछि फिर्ता नहुने गरी यस गाउँ कार्यपालिकाको कार्यालय, सुरी, दोलखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारामको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही छाप गरी सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म गाउँ कार्यपालिकाको कार्यालय, सुरी, दोलखाको नाममा सम्बीधन गरी कामको विवरण, बोलपत्रदाताको
नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी दर्ता गराउनुपर्नेछ ।

३. म्याद भित्र दर्ता भएका बोलपत्रहरु ३१औं दिनको २:०० बजे यस गौरीशंकर गाउँपालिकाको हाता भित्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगतै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दी बोलपत्र फाराम साथ जमानत बापत रकम **हिमालय बैंक लिमिटेड, सुरी, दोलखामा** रहेको गौरीशंकर गाउँपालिकाको धरौटी खाता नं. ०५६०७६५०३९०००१४ (बैंक कोड नं. १०२ र कार्यालय कोड नं. २२३६५२०) मा नगद जम्मा गरेको सक्कली भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट जारी भएको बोलपत्र जमानत (बिडबण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ । यस्तो जमानत बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० (एक सय बिस) दिनको म्याद अवधि भएको हुनुपर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमको दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा बोलपत्रदाताको सहीछाप अनिवार्य रुपमा भएको हुनुपर्नेछ ।

७. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरीत भएको, उपलब्ध गराइएको बोलपत्र फारममा थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

८. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. प्राप्त बोलपत्रहरु पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाईएको सार्वे सार्वजनिक खरिद अनुगमन कार्यालयको कालो सूचिमा नपरेको भनी लिखित कबोल गरेको स्वःघोषणा पत्र बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

११. बोलपत्रदाताले सम्भावित जोखिम प्रति स्वयम् उत्तरदायी भई निर्माण स्थल लगायत सम्पूर्ण पक्षको जानकारी लिइएको मानिनेछ ।

१२. **E-biding** मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदातालले सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद शाखाको वेभ साईट **www.bolpatra.gov.np/egp** मा गई निर्देशन भए बमोजिम गर्नुपर्नेछ ।

१३. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्न परेमा यस कार्यालयको इमेल **gs.dolakha@gmail.com** मा वा सम्पर्क नं. ९८५१२४९२०७ मा सम्पर्क गर्न सकिनेछ ।

क्र.सं.	ठेक्का/सूचना नं.	कामको विरण	लागत अनुमान (भ्याट रकम समेत)	जमानत बापतको रकम	बोलपत्र दस्तुर	बोलपत्र मान्य अवधि
१.	GRM/NCB/०४/०७५-७६	Construction of Bhorle Tinekhu Gaurishankar Rural Municipality Centre Road	१९,३६,४६८.९१	५५०,०००/-	३,०००/- राजस्व खाता नं. ०५६०७६५०३९०००१८ हिमालय बैंक लिमिटेड, सुरी, दोलखामा जम्मा गर्न सकिने छ।	९० दिन

प्रमुख प्रशासकीय अधिकृत

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Babarmahal, Kathmandu

Invitation for Bid

Date of publication: 2076/03/30

DUDBC invites electronic bids from eligible Suppliers for the Procurement of below Mentioned service.

Contract ID	Name of Project	Document fee	Bid Security
DUDBC/Goods/NCB/09/075-76	Supply and Delivery of Satellite Image of Different Places	NRs 3,000.00	NRs. 3,42,000.00

Eligible Bidders may obtain further information from the office of DUDBC during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र
ललितपुर म. न. पा. वडा नं. १५, खुमलटार हाईट, ललितपुर, नेपाल
फोन नम्बरः+९७७-१-५५३९३९०/फ्याक्स नम्बरः+९७७-१-५५४२३९९७
इमेलः info@aepc.gov.np, वेबसाइटः www.aepc.gov.np

जैविक ऊर्जा प्रणालीको आपूर्ति तथा जडानको लागि माग्दता प्राप्त कम्पनी/संस्थाहरुको सूचि दर्ता गराउने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७६।०३।३०

नेपाल सरकाद्वारा स्वीकृत नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ को दफा ४.२ अनुसार आगामी आर्थिक वर्ष २०७६/७७ को लागि जैविक ऊर्जा प्रविधि जडान तथा आपूर्ति गर्नको लागि यस क्षेत्रमा कार्यरत सम्बन्धित इच्छुक कम्पनी/संस्थाहरुबाट सूची गराउनको लागि यस सूचना मार्फत निवेदन आव्हान गरिन्छ।
जैवीक ऊर्जा प्रणालीको आपूर्ति तथा जडानको लागि मान्यता प्राप्त कम्पनी/संस्थाहरुको वर्ग (क) घरेलु जैवीक ऊर्जा प्रणाली Metallic Rocket Stove (ICS), MICS, Metallic Institutional Improved Cook stove र (ख) Thermal Gasifier मा मान्यता प्राप्त सूचीमा दर्ता गर्नको लागि इच्छुक ईजाजत प्राप्त संस्था/कम्पनीहरुले केन्द्रले तयार गरेको ढाँचामा मितिः २०७६ साल श्रावण २९ गते अपराह्न ३.०० बजे भित्र केन्द्रको प्रशासन शाखामा आइपुगे गरी निवेदन दर्ता गराउनु पर्नेछ । यसको लागि निवेदन फारम ढाँचा तथा मूल्याङ्कन मापदण्ड केन्द्रको वेबसाइटः www.acpc.gov.np मा उपलब्ध छ । इच्छुक संस्थाहरुले उपलब्ध निवेदन फारम नै भरी बुझाउनु पर्नेछ। रीत नपुगी वा अन्य ढाँचामा पेश गरिएको निवेदन यस प्रकृयामा समावेश गरिने छैन। पहिलो म्याद नाघी प्राप्त भएको निवेदन अर्को पटकको सूचिमा समावेश गरिने छ। सूची दर्ता गराउने प्रकृया वर्ष भरी नै खुल्ला रहने छ र हरेक चौमासिकमा पछिल्लो स्वीकृत सूचिहरु एक पटक प्रकाशित गरिने छ । प्राप्त दरखास्तहरु सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यलयमा सुरक्षित रहने छ ।

पुनश्चः गैर नाफा मुलक संस्थाहरुलाई यस प्रकियामा समावेश गरिने छैन ।